"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**

**Garima Bikas Bank Limited**

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालय** : लाजिम्पाट, काठमाण्डौं, **फोन** : ०१-४४५४२४/२५/२६

**ईमेल** : info@garimabank.com.np, **वेबसाइट** : www.garimabank.com.np

# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७ माघ २ गते शुक्रबार)**

यस गरिमा विकास बैंक लिमिटेडको मिति २०७७ पौष २९ गते बसेको सञ्चालक समितिको २५१औं बैठकको निर्णय अनुसार कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

**मिति** : २०७७ माघ ३० गते शुक्रबार (तद्नुसार फेब्रुअरी १२, २०२१)

**समय** : विहान १०:३० बजे

**स्थान** : होटल पोखरा ग्राण्ड, बिरौटा, पोखरा, कास्की ।

**(क) सामान्य प्रस्तावहरु**

(१) अध्यक्षज्यूको मन्तव्यसहित सञ्चालक समितिको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०७७ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण पारित गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विकास बैंकको साविक चुक्ता पूँजीको १३.५ प्रतिशत बोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित हुँदा सो बोनश शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत कुल लाभांशमा लाग्ने कर भुक्तान गर्ने प्रयोजनको लागि विकास बैंकको चुक्ता पुँजी रु.३,२३,८६,८९,४२८।२६ (अक्षरुपी तीन अर्व तेइस करोड छयासी लाख उनान्नब्बे हजार चार सय अट्ठाइस र पैसा छब्बीस मात्र) को करिव ०.७१ प्रतिशतले हुन आउने रकम रु. २,३०,११,७४०।६८ (अक्षरुपी दुई करोड तीस लाख एघार हजार सात सय चालीस र पैसा अठ्सठ्ठी मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(४) लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक एफ.सी.ए. बिजयराज घिमिरे, जी एण्ड जी एसोसिएट्स, काठमाण्डौ पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

(५) सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका सेयरधनीहरुको तर्फबाट ३ (तीन) जना र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु.३,२३,८६,८९,४२८।२६ (अक्षरुपी तीन अर्व तेइस करोड छयासी लाख उनान्नब्बे हजार चार सय अट्ठाइस र पैसा छब्बीस मात्र)को १३.५ प्रतिशत अर्थात रु. ४३,७२,२३,०७२।८२ (अक्षरुपी त्रिचालीस करोड बहत्तर लाख तेइस हजार बहत्तर र पैसा बयासी मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

(३) विकास बैंकले सहायक कम्पनी स्थापना गरी विभिन्न थप सेवा प्रवाह गर्न सक्ने गरी विकास बैंकको प्रबन्धपत्रमा उद्देश्य तथा कार्यहरु थप गर्ने ।

(४) विकास बैंकको सञ्चालक समितिको बैठक, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतीय माध्यमबाट समेत गर्न सक्ने गरी विकास बैंकको नियमावलीमा आवश्यक संशोधन, परिमार्जन तथा थप ब्यवस्थाहरु कायम गर्ने ।

(५) विशेष प्रस्ताव नं. (१), (२), (३) र (४)पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रश्ताव पारित गर्ने ।

(६) गरिमा विकास बैंक लिमिटेड र अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा गरिमा विकास बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्था सँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पुर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसंग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(८) विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

**ग) विविध ।**

## साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. चौधौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७ माघ १२ देखि २०७७ माघ ३० गते सम्म यस विकास बैंकको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ । मिति २०७७ माघ ११ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ भएको र प्रचलित नियमानुसार शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरु सो सभामा भाग लिन तथा लाभांश प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन पुस्तिका यस विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं, सभागृहचोक पोखरा, कास्की स्थित विकास बैंकको पोखरा क्लस्टर कार्यालय, वा शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लिमिटेड लाजिम्पाटबाट प्राप्त गर्न सक्नुहुनेछ । उक्त प्रतिवेदन विकास बैंकको वेभसाईट www.garimabank.com.np मा हेर्न र डाउनलोड गर्न समेत सकिनेछ ।

३. सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनीहरुले शेयर प्रमाण-पत्र वा डि-म्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता, मतदाता परिचयपत्र, वा अन्य कुनै परिचय-पत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । साथै विकास बैंकको चौधौं वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले जुम मिटिङ (Zoom Meetting) प्रविधि मार्फत समेत अवलोकन गर्न सकिने ब्यवस्था मिलाइएको छ । यसको लागि विकास बैंकले शेयरधनी महानुभावहरुलाई शेयर रजिष्ट्रार मार्फत प्राप्त हुने अभिलेखमा उल्लेखित मोबाइल नम्बरमा मिटिङ आईडी र पासकोड सम्बन्धि जानकारी उपलब्ध गराइनेछ ।

४. सभामा भाग लिन वा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन (प्रोक्सी फारम) भरी काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. २ लाजिम्पाट स्थित विकास बैंकको केन्द्रीय कार्यालय वा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.-८ सभागृहचोक स्थित विकास बैंकको पोखरा क्लष्टर कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात मिति २०७७ माघ २८ गते बिहान १०:३० बजेभित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा विकास बैंकको शेयरधनीलाई मात्र नियुक्त गर्न सकिनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतः बदर हुनेछ ।

५. नावालक वा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीहरुको सन्दर्भमा शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिले मात्र संरक्षकको हैसियतले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधी नियुक्त गर्न र मतदान गर्न सक्नु हुनेछ ।

६. संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयरधनी दर्ता किताबमा जसको नाम पहिले उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफुहरुमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नुहुनेछ ।

७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी सो को प्रतिनिधी-पत्र (प्रोक्सी) विकास बैंकमा बुझाई सकेपछि प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सो को सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७७ माघ २८ गते बिहान १०:३० बजेभित्र काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. २ लाजिम्पाट स्थित विकास बैंकको केन्द्रीय कार्यालय वा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.-८ सभागृहचोक स्थित विकास बैंकको पोखरा क्लष्टर कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ र नयाँ प्रोक्सीको हकमा माथि बुँदा नं.-३ मा लेखिए बमोजिम हुनेछ ।

८. शेयरधनी महानुभावहरुको सुविधाको लगि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा सम्पन्न हुने दिन विहान ९:३० बजेदेखि नै खुल्ला गरिनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

९. सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम साधारण सभा सम्पन्न हुने कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ८, सभागृहचोक स्थित विकास बैंकको पोखरा क्लष्टर कार्यालय (गरिमा विकास बैंक लिमिटेडको सभागृह शाखा कार्यालय समेत रहेको भवन) मा साधारण सभा हुने दिन भन्दा सात दिन अगाडि नै प्रकाशन गरिनेछ ।

१०. विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्न आवश्यक ठानेमा शेयरधनी महानुभावहरुले आफुले प्रस्तुत गर्न चाहेको विषयबारे सभा हुनु भन्दा ७ दिन अगावै कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । यसरी लिखित रुपमा पूर्व जानकारी नगराएको विषयमा सभामा छलफल तथा निर्णय गरिने छैन ।

११. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले,**

**माधवप्रसाद उपाध्याय**

**(कम्पनी सचिव)**